# स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७

स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२७।५।२९

संशोधन

| | |
|---|---|
| १. स्टाण्डर्ड नाप र तौल (पहिलो संशोधन), नियमहरु, २०३० | २०३०।६।२९ |
| २. स्टाण्डर्ड नाप र तौल (दोस्रो संशोधन), नियमहरु, २०३२ | २०३३।१।७ |
| ३. स्टाण्डर्ड नाप र तौल (तेस्रो संशोधन), नियमहरु, २०३४ | २०३४।३।२० |
| ४. स्टाण्डर्ड नाप र तौल (चौथो संशोधन), नियमहरु, २०४६ | २०४६।१२।२७ |
| ५. स्टाण्डर्ड नाप र तौल (पाचौं संशोधन), नियमहरु, २०७० | २०७०।१।३० |

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यी नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “स्टाण्डर्ड नाप र तौल नियमहरु, २०२७ ” रहेको छ ।
(२) यी नियमहरु ऐनको दफा १ को उप–दफा (३) अनुसार प्रकाशित गरिएको सूचनामा तोकिएको मितिदेखि तोकिएको ठाउँमा तोकिएको कारोबार वा मालसामानको सम्बन्धमा प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रस·ले अर्को अर्थ नलागेमा यी नियमहरुमा,–

(क) “ऐन” भन्नाले स्टाण्डर्ड नाम र तौल ऐन, २०२५ सम्झनुपर्छ ।

**३. राष्ट्रिय स्टाण्डर्ड इकाईहरु राखिनेः** ऐनको दफा ३, ४, ५, ६, ७, ८ र ८क. बमोजिमका इकाईहरुको राष्ट्रिय स्टाण्डर्ड, गुणस्तर तथा नाप तौल विभागमा राखिनेछ र ती राष्ट्रिय स्टाण्डर्डहरु नियन्त्रकको जिम्मामा रहनेछन् ।

**४. प्रमुख स्टाण्डर्डको वस्तु डिजाइन र विवरणः**

(१) प्रमुख स्टाण्डर्डको वस्तु, डिजाइन र विवरण इन्टरनेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ.आई.एम.एल.) को सिफारिश संख्या २० को ई २ वर्ग अनुसार वा अनुसूची–१ बमोजिम हुनेछ र सो स्टाण्डर्ड गुणस्तर तथा नापतौल बिभागको प्रयोगशालामा नियन्त्रकले तोकिदिएको अधिकृतको जिम्मामा रहनेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको प्रमुख स्टाण्डर्डको जा“च सो उप–नियममा तोकिएको अधिकृतले ऐनको दफा १६ को उप–दफा (२) बमोजिम प्रत्येक १० वर्षमा जा“ची त्यसको अभिलेख राख्नु पर्छ ।

(३) ..........

**५. माध्यमिक स्टाण्डर्डको वस्तु डिजाइन र विवरणः**

(१) माध्यमिक स्टाण्डर्ड वस्तु, डिजाइन र विवरण इन्टरनेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ.आई.एम. एल.) को सिफारिश संख्या २० को एफ–१ वर्ग अनुसार वा अनुसूची–२ बमोजिम हुनेछ र सो स्टाण्डर्ड नियन्त्रकले तोकिदिएको अधिकृतको जिम्मामा र स्थानमा रहनेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको माध्यमिक स्टाण्डर्डलाई सोही उपनियममा तोकिएको अधिकृतले ऐनको दफा १७ को उपदफा (२) बमोजिम प्रत्येक ५ वर्षमा जाँची सो स्टाण्डर्डको एकिन परिमाण सहितको अभिलेख राख्नुपर्छ ।

(३) ………………

**६. कार्यकारी स्टाण्डर्डको वस्तु डिजाइन र विवरणः**

(१) कार्यकारी स्टाण्डर्डको वस्तु, डिजाइन र विवरण इन्टरनेशनल अर्गनाइजेशन अफ लिगल मेट्रोलोजी (ओ.आई.एम. एल.) को सिफारिश संख्या २० को एफ–२ वर्ग अनुसार वा अनुसूची–३ बमोजिम हुनेछ र सो स्टाण्डर्ड निरीक्षकको जिम्मामा रहनेछ ।

(२) उप–नियम (१) बमोजिम निरीक्षकको जिम्मामा रहेको कार्यकारी स्टाण्डर्डलाई निरीक्षकले ऐनको दफा १८ को उप–दफा (२) बमोजिम प्रत्येक वर्षमा जाँची टाँचा समेत लगाउनु पर्छ ।

(३) ………………

**७. प्रिसिजन तराजु (काँटा):**

(१) नियन्त्रकले तोकिदिएको अधिकृतले आवश्यक संख्यामा राखिएका प्रिसिजन तराजु (काँटा) को समय समयमा रेखदेख गर्नु पर्छ ।

(२) उप–नियम (१) बमोजिमको प्रिसिजन तराजु (का“टा) लाई सोही उप– नियममा उल्लिखित अधिकृतले वर्षमा घटीमा एक पटक जाँच गरी जाँच गरेको मिति सहितको अभिलेख राख्नु पर्छ ।

**८. माध्यमिक स्टाण्डर्ड तराजु (काँटा):**

(१) नियन्त्रकले तोकिदिएको अधिकृतले आवश्यक संख्यामा राखिएका सबै माध्यमिक स्टाण्डर्ड तराजु (काँटा) को समय समयमा रेखदेख गर्नु पर्छ ।

(२) उप–नियम (१) बमोजिमको तराजु (काँटा) हरु सोही उप–नियममा उल्लिखित अधिकृतले वर्षमा घटीमा एक पटक जाँच गर्नु पर्छ ।

(३) उपनियम (१) बमोजिमका तराजु (काँटा) हरुका आवश्यकताहरु अनुसूची–३ (क) बमोजिम हुनेछ ।

**९. कार्यकारी स्टाण्डर्ड तराजु (काँटा):**

(१) निरीक्षकलाई कार्यकारी स्टाण्डर्ड जाँच गर्नको निमित्त आवश्यक संख्यामा कार्यकारी स्टाण्डर्ड तराजु (काँटा) उपलब्ध गराई दिनु पर्छ ।

(२) उप–नियम (१) बमोजिम कार्यकारी स्टाण्डर्ड तराजु (काँटा) निरीक्षकले वर्षमा घटीमा एक पटक जा“च गर्नु पर्छ ।

(३) उपनियम (१) बमोजिमका तराजु (का“टा) हरुका आवश्यकताहरु अनुसूची ३ (ख) बमोजिम हुनेछ ।

**१०. व्यापारिक नाप र तौलः**

(१) व्यापारिक नाप (लम्बा तथा ग्राहिता) र तौलको संज्ञा वस्तु, आकार र जाँचको घटीबढीको हक अनुसूची–४ बमोजिमको हुनेछ ।

(२) व्यापारिक नाप र तौल वा व्यापारिक प्रचलनमा ल्याइने नाप्ने र तौलने यन्त्रको क्षमता पदार्थ आधार र जाँचको घटीबढीको हद अनुसूची–५ बमोजिमको हुनेछ ।

(३) …………..

(४) व्यापारीले व्यापारिक लेनदेन वा प्रचलनमा ल्याउने दुईपल्ले तराजु (विम–स्केल) आफ्नो व्यापार गर्ने स्थानमा स्टाण्डमा वा सिक्रीद्वारा अंकुसीमा झुण्ड्याई राख्नु पर्छ । तर यो उप–नियम हाट, साप्ताहिक बजारमा आउने व्यापारी र घुमीफिरी व्यापार गर्ने फिरन्ता व्यापारीलाई लागू हुनेछैन ।

(५) आयतन नाप्ने यन्त्रहरुको विवरण अनुसूची–५ (क) बमोजिम तथा लम्वाई र समय नाप्ने यन्त्रहरुको विवरण अनुसूची–५ (ख) बमोजिम हुनेछ ।

(६) फासला नाप्ने यन्त्रहरुको विवरण अनुसूची–५ (ग) बमोजिम हुनेछ ।

(७) नाप र तौलको आधारमा व्यापारिक प्रयोजनको लागि मालसामान बिक्री गर्दा मान्यता दिइने घटीबढीको हद अनुसूची–५(घ) बमोजिम र मोहर बन्द गरिएका प्याकेजहरुको घटीबढीको हद नेपाल गुणस्तर बमोजिम हुनेछ ।

**११. व्यापारिक नाप तौल यन्त्रको जाँचः**

(१) व्यापारिक लेनदेनमा प्रचलनमा ल्याइने वा त्यसरी प्रचलनमा ल्याउने अभिप्रायले राखिएको नाप, तौल र तौल्ने यन्त्र दुई वर्षमा एक पटक ऐन र यी नियमहरु बमोजिम जाँच गराई टाँचा लगाउनु पर्छ । तर व्यापारिक लेनदेनमा प्रचलनमा ल्याइने वा त्यसरी प्रचलनमा ल्याउने अभिप्रायले राखिएको सवै नाप्ने यन्त्र तथा सुन, चाँदी र मूल्यवान जवाहरातमा वा पेट्रोलियम पदार्थमा वा कारखानामा प्रयोग गरिने नाप, तौल र तौल्ने यन्त्र वर्षमा एक पटक ऐन र यो नियमहरु बमोजिम जाँच गराई टाँचा लगाउनु पर्छ ।

(१क) कुनै व्यापारी वा व्यवसायीले उपनियम (१) बमोजिमको म्याद नाघेको पाँच वर्षभित्र टाँचा लगाउन आएमा नियम १४ को उपनियम (१क) बमोजिम जरिवाना लिई नियम १२ बमोजिम निरीक्षकले टाँचा लगाई दिन सक्नेछ ।

(१ख) उपनियम (१) बमोजिम टाँचा लगाउनको लागि निरीक्षकले डोर खटाउन सक्नेछ । त्यसरी खटाइएको डोरले उपनियम (१) बमोजिम टा“चा लगाउनु पर्ने म्याद पुग्नुभन्दा तीन महिना अगाडिसम्म वा म्याद पुगेको तीन महिना पछाडिसम्मको अवधिमा टा“चा लगाउन उपनियम (१) ले बाधा पु¥याएको मानिनेछैन ।

(२) उप–नियम (१) वा उपनियम (१क) बमोजिम जा“चिने नाप तौल र नाप्ने तौलने यन्त्र सफा तथा पूर्ण अवस्थामा हुनुपर्छ र त्यस्तो यन्त्रको संज्ञा वा क्षमता पूरा अङ्कित भएकको नदेखिएमा अनुसूची–६ मा दिइएबमोजिम छोटकरीमा संज्ञा वा क्षमता अङ्कित हुनुपर्छ ।

**१२. नाप तौलमा टाँचा लगाउनेः**

(१) निरीक्षकले कुनै पनि नाप तौल र नाप्ने तौलने यन्त्रमा टाँचा लगाउनु अघि त्यस्ता नाप तौल र नाप्ने तौलने यन्त्र ऐन र यी नियमहरुबमोजिम भए नभएको हेर्नुपर्छ ।

(२) नाप तौल र नाप्ने तौलने यन्त्रमा सो यन्त्र बनाउने व्यापारीको टाँचा निरीक्षकको टाँचासँग मिलेको हुनुहुँदैन ।

(३) निरीक्षकले आफ्नो समक्ष जाँचको निमित्त ल्याएको नाप तौल र नाप्ने तौलने यन्त्रमा अनुसूची–७ बमोजिमको टाँचा लगाउनु पर्छ ।

तर नाप तौल र नाप्ने तौलने यन्त्र व्यापारिक प्रचलनमा ल्याउ“दा खिइने वा घिसिन जाने वा बलियो नभएको भन्ने लागेमा त्यस्तो नाप तौल र नाप्ने तौलने यन्त्रमा टा“चा लगाउनु हुँदैन ।

(४) निरीक्षकले उप–नियम (३) बमोजिम टाँचा लगाउँदा काँचको, माटोको इनामेल पोतिएको ग्राहिता नाप बाहेकका नाप तौल र नाप्ने तौलने यन्त्रमा यथासम्भव जाँचको मिति समेतको टा“चा लगाउनु पर्छ ।

(५) निरीक्षकले जाँच र टाँचा लगाउने काम सकेपछि सम्बन्धित व्यापारीलाई नाप तौल र नाप्ने तौलने यन्त्र जाँच गरेको अनुसूची–८ बमोजिमको प्रमाणपत्र दिनु पर्छ ।

(६) उप–नियम (५) बमोजिम प्राप्त प्रमाणपत्र नाप तौल र नाप्ने तौलने यन्त्र प्रयोग गरिने स्थानमा सबैले देख्ने गरी राख्नु पर्छ र अस्थायी फिरन्ता व्यापारीले यस्तो प्रमाणपत्र आफ्नो साथमा राख्नु पर्छ ।

१३. निरीक्षकलाई आवश्यक सामान दिइनेः निरीक्षकलाई यी नियमहरुबमोजिम जा“च गर्न आवश्यक संख्यामा स्टाण्डर्ड नाप तौल र नाप्ने तौलने यन्त्र जा“च गरेपछि लगाउने टाँचा र अरु आवश्यक सामानहरु दिइनेछ ।

**१४. जाँच, टाँचा आदिएको दस्तूरः**

(१) निरीक्षकको समक्ष जाँचको लागि ल्याइएको नाप तौल र नाप्ने तौलने यन्त्रमा जाँच र टाँचा लगाइए बापत अनुसूची–९ बमोजिमको दरले दस्तूर लिइनेछ ।

(१क) नियम ११ को उपनियम (१क) बमोजिम टाँचा लगाउँदा उपनियम (१) बमोजिम लाग्ने दस्तूरको अतिरिक्त एक वर्षभित्र भए एक सय रुपैयाँसम्म, दुई वर्षभित्र भए एक सय रुपैयाँदेखि दुई सय पचास रुपैयाँसम्म, तीन वर्षभित्र भए दुईसय पचास रुपैयाँ देखि चार सय पचास रुपैयाँ सम्म, चारवर्ष भित्र भए चार सय पचास रुपैयाँ देखि सात सय रुपैयाँसम्म र पाँच वर्षभित्र सात सय रुपैयाँदेखि एक हजार रुपैया“सम्म जरिवाना लिइनेछ ।

(२) नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्नेले आफ्नो प्रयोग स्थानमै जाँच गराउन वा टाँचा लगाउन निरीक्षकलाई निवेदन दिएमा अनुसूची–९ मा उल्लिखित दरमा पचास प्रतिशत थप दस्तूर र निरीक्षकलाई आउने जाने खर्च, जाँच गर्न र टाँचा लगाउन चाहिने कार्यकारी स्टाण्डर्ड र नाप्ने तौलने यन्त्र ल्याउ“दा वा लैजाँदा लाग्ने ढुवानी खर्च व्यहोर्नु पर्नेछ । तर देहायका वस्तुहरु जाँचपास गर्दा यो उप–नियम बमोजिम अतिरिक्त दस्तूर लिइने छैनः–

(क)पेट्रोलियम पदार्थ बोक्ने गाडी, पेट्रोल पम्प, तौलने पुल, अचल मञ्चयुक्त तौलने यन्त्र र नियन्त्रकले तोकिदिएका अन्य यस्तै यन्त्रहरु,
(ख) निर्माता र विक्रेताले बिक्री गर्न राखेका नाप तौल र नाप्ने तौलने यन्त्र ।

(३) उप–नियम (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि जाँच गरी टाँचा लगाइएको नाप तौल वा नाप्ने तौलने यन्त्रमा नियम १५ बमोजिम टाँचा नमेटिएको वा नियम ११ मा उल्लिखित अवधिभित्र लगाइएको टाँचा मेटिई सो अवधिभित्र पुनः टाँचा मार्नु पर्ने भए कुनै दस्तूर लिइने छैन ।

(४) कुनै पनि नाप तौल वा नाप्ने तौलने यन्त्र नियम ११ बमोजिम जाँच गर्दा घटीबढी देखिएमा त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र सम्बन्धित व्यक्तिलाई मिलान गर्न फिर्ता दिइनेछ र निजले आवश्यक मिलान गरी सात दिनभित्र त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र पुनः जाँचको लागि ल्याएमा जा“च गरिदिनु पर्नेछ र ठीक देखिए टाँचा लगाइ दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम नाप तौल वा नाप्ने तौलने यन्त्र मिलान गर्न फिर्ता दिंदा दुई पटकसम्ममा पनि मिलान गर्न नसकेमा त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोगमा ल्याउन पाइने छैन ।

**१५. टाँचा मेट्न सकिनेः** निरीक्षकले देहायका अवस्थामा नाप तौल र नाप्ने तौलने यन्त्रमा लागेको टाँचा मेटी रद्द गर्न सक्नेछः–

(क) नाप तौल र नाप्ने तौलने यन्त्र ऐन र यी नियमहरुबमोजिम नभएको, वा

(ख) नाप तौल र नाप्ने तौलने यन्त्र भाँचिएको फुटेको वा चोइटिएको वा अरु कुनै कारणले त्रुटिपूर्ण भएको, वा

(ग) नाप तौल र नाप्ने तौलने यन्त्र यी नियमहरुमा तोकिएको अवधिभित्र पुनः जाँच र टाँचा लगाउनको निमित्त नल्याइएको, वा

(घ) नाप तौल र नाप्ने तौलने यन्त्रमा घटीबढीको हद यी नियमहरुमा तोकिएको घटीबढीको हदभन्दा बढी भएको ।तर यो खण्डबमोजिम घटीबढी हद भएका नाप्ने तौलने यन्त्रलाई निरीक्षकले १५ दिनभित्र मिलाई ल्याउन लिखित आदेश दिन सक्नेछ र सो अवधिभित्र मिलाई ल्याएका नाप तौल र नाप्ने तौलने यन्त्र ठीक देखिए टाँचा मेटी रद्द गर्न हु"दैन ।

**१६. नाप तौल र नाप्ने तौलने यन्त्र जफत र रोक्का गर्नेः**

(१) देहायको अवस्थामा नाप तौल वा नाप्ने तौलने यन्त्र जफत गर्न वा त्यसबाट गरिने कारोबार रोक्का गर्न सकिनेछः–

(क) कीर्ते वा त्रुटिपूर्ण भएको,
(ख) छलकपट गरी प्रयोग गरिएको,
(ग) टाँचा नलगाइएको,
(घ) कीर्ते टाँचा लगाइएको वा एक अर्कोको टाँचा सारिएको वा
(ङ) नियम १० को उपनियम (१) र उपनियम (३) बमोजिम नभएको ।

(२) उप–नियम (१) बमोजिम जफत वा रोक्का गरिएका नाप तौल र नाप्ने तौलने यन्त्र अदालतमा पेश गर्न आवश्यकता नभएमा रोक्का वा जफत गरेको एक महीनापछि नियन्त्रकले दिएको निर्देशन बमोजिम गर्नुपर्छ ।

**१७. अनुमतिपत्र दिने सम्बन्धमाः**

(१) नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्नु अघि त्यस्तो नाप तौल वा नाप्ने तौलने यन्त्र खरीद गरेको पैंतीस दिनभित्र निरीक्षक समक्ष निवेदन दिई ऐनको दफा २५ बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम निवेदन प्राप्त भएपछि निरीक्षकले रु. ५।– दस्तूर लिई सम्बन्धित व्यापारी तथा व्यवसायीको नाम छुट्टै रजिष्टर किताबमा दर्ता गरी अनुसूची–१० बमोजिमको अनुमतिपत्र दिनुपर्छ ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र प्राप्त गर्ने व्यापारी वा व्यवसायीले नाप तौल वा नाप्ने तौलने यन्त्रमा टा"चा लगाउनु पर्ने म्यादभित्र आफ्नो व्यापार वा व्यवसाय छाडी सो नाप तौल वा नाप्ने तौलने यन्त्र अन्य कुनै व्यापार वा व्यवसाय गर्ने व्यक्तिलाई दिएमा सो प्राप्त गर्ने व्यापारी वा व्यवसायीले नियम ११ बमोजिम टाँचा लगाउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम अनुमति प्राप्त गर्ने व्यापारी वा व्यवसायीहरुले आफ्नो व्यापार तथा व्यवसाय छोड्दा त्यसको सूचना कार्यालयलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सूचना प्राप्त भएमा वा नियम ११ को उपनियम (१क) को म्यादभित्र पनि टा"चा नलगाएमा त्यस्ता व्यापारी वा व्यवसायीले उपनियम (२) बमोजिम प्राप्त गरेको अनुमतिपत्र रद्द हुनेछ ।

**१८. इजाजतपत्र सम्बन्धी व्यवस्थाः**

(१) नाप तौल वा नाप्ने तौलने यन्त्र बनाउन, मर्मत गर्न, बिक्री गर्न वा सेवा प्रदान गर्न चाहने व्यापारीले इजाजतपत्रको लागि नाप तौल वा नाप्ने तौलने यन्त्र बनाउन अनुसूची ११ (क), मर्मत गर्न अनुसूची–११ (ख), बिक्री गर्न अनुसूची–११ (ग) र सेवा प्रदान गर्न अनुसूची–११ (घ) बमोजिमको ढाँचामा निरीक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिमको विवरण सहितको निवेदन प्राप्त भएपछि निरीक्षकले सम्बन्धित व्यापारीलाई अनुसूची–११ (ङ) बमोजिमको धरौटी रकम र दस्तूर लिई अनुसूची–१२ बमोजिमको इजाजतपत्र दिनेछ ।

(३) उप–नियम (२) बमोजिम प्राप्त इजाजतपत्र प्रत्येक वर्ष नवीकरण गर्न अनुसूची–१३ बमोजिमको विवरणसहित निवेदन निरीक्षकसमक्ष दिनु पर्छ । निरीक्षकले पनि उपनियम (२) बमोजिमको दस्तूर लिई इजाजतपत्र नवीकरण गरी दिनुपर्छ ।

(४) उप–नियम (२) बमोजिमको इजाजतपत्र व्यापारी तथा व्यवसायीले आफ्नो बनाउने मर्मत गर्ने बिक्री गर्ने वा सेवा प्रदान गर्ने स्थानमा सबैले देख्ने गरी राख्नुपर्छ ।

(५) उप–नियम (२) बमोजिम इजाजत प्राप्त व्यापारी तथा व्यवसायीले आपूmले बनाएको, मर्मत गरेको वा विक्री गर्न राखेको नाप तौल वा नाप्ने तौलने यन्त्रको विभागद्वारा निर्धारित तरीकामा अभिलेख राख्नुपर्छ र त्यस्तो अभिलेख निरीक्षकले मागेको बखत निजसमक्ष पेश गर्नुपर्छ ।

(६) निरीक्षकले उप–नियम (२) बमोजिम इजाजतपत्र प्राप्त व्यापारी तथा व्यवसायीले चाहिने वर्कशप र स्टाफको व्यवस्था गर्न नसकेमा वा ऐन र यी नियमहरु उल्लंघन गरेमा त्यस्तो व्यापारी तथा व्यवसायीको इजाजतपत्र खोस्ने, स्थगित गर्ने वा नवीकरण नगर्ने आदेश दिन सक्नेछ र धरौटी रकम समेत जफत गर्न सक्नेछ । तर, त्यस्तो व्यापारी तथा व्यवसायीलाई आफ्नो सफाइ पेश गर्ने मौका नदिई त्यस्तो आदेश दिइने छैन ।

(७) निरीक्षकले उप–नियम (२) बमोजिम इजाजतपत्र प्राप्त व्यापारी तथा व्यवसायीको अभिलेख अनुसूची–१४ बमोजिमको ढाँचामा राख्ने वा राख्न लगाउनुपर्छ ।

१९. **अनुसूचीमा हेरफेर गर्न सक्ने**ः यी नियमहरुका अनुसूचीहरुमा नेपाल सरकारले आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।